लहान नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
प्रदेश नं. २, नेपाल।

## *गरिब घरपरिवार परिचय पत्र वितरण सम्बन्धी सूचना*

गरिब घर परिवार परिचय पत्र वितरण कार्यविधि, २०७४ बमोजिम यस लहान नगरपालिकामा पहिचान भएका गरिब घर परिवारलाई परिचय पत्र वितरण गर्नुपर्ने भएको हुँदा आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी परिवारमूलीले तोकिएको ढाँचाको निवेदन फाराम भरी (परिवारमूली नभएमा कार्यविधिमा भएको व्यवस्था बमोजिमको व्यक्तिबाट फाराम भरी) आफ्नो वडा कार्यालयबाट रुजु गराई पारिवारिक विवरण संकलन फाराम, २०६९ को अर्धकट्टीको प्रतिलिपी-१, ना.प्र.प. को प्रतिलिपी-१, फोटो-२ प्रति र आवश्यकता अनुसारको सिफारिसका साथ मिति २०७५ साल भाद्र मसान्त भित्र यस कार्यालयको पंजीकरण उप-शाखामा आई आफ्नो परिचय पत्र संकलन गर्नुहुन सबै लाभग्राहीलाई सूचित गरिन्छ।
*पुनश्चः- यसै सूचना मार्फत् लहान नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुलाई समेत आवश्यक सहयोग, समन्वय एवं सहजीकरणको लागि अनुरोध गरिन्छ।*

शाखा अधिकृत

लहान नगरकार्यपालिकाको कार्यालय

Scanned by CamScanner